नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुली

प्रमिजिअ फोन : ०४७-५२०५३३
सप्रजिअ फोन : ५२०२५६
कार्यालय : ५२०६१०
फ्याक्स : ५२०१३३

प.सं. : स्था.प्र. तथा शा. सु. ०७९/८०
च.नं. : १२२८

मिति : २०८०/०१/१५

विषयः- अनुचित लेनलेद (मिटर व्याज) सम्बन्धी उजुरी वारे सर्वसाधारणमा जानकारी।

नेपाल सरकारको मिति २०७९।१२।२० को निर्णयानुसार "अनुचित लेनदेन (मिटरव्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९" गठन भइ आयोगले कार्यसंचालन प्रारम्भ गरिसकेको छ। आयोगबाट पिडितहरुको निवेदन आव्हान भएको हुँदा पिडितहरुले आफ्नो भएसम्मका सवुद प्रमाण सहित भएको व्यहोरा खुलाइ अनलाइनबाट सिधै आयोगमा वा यस जिल्लाभरका व्यक्तिहरुले यस कार्यालयमा रहेको सहायता कक्षबाट निशुल्क रुपमा फारम भराउन सकिने व्यवस्था मिलाएकोले मिति २०८० बैशाख १७ गते देखि बैशाख ३१ गते भित्र निवेदन दिनुहुन साथै विगतमा निवेदन दिएकाहरुलाई पुनः फारम भर्नहुन समेत सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

जिल्लास्थित सवै पालिकाहरुबाट समेत यस सम्बन्धमा सूचना सम्प्रेषण गरी गराइ कोही पनि पिडित नछुट्ने व्यवस्थाका लागि आवश्यक सहजीकरण गरिदिनुहुन आयोगको प्रेस विज्ञप्ति पाना १ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ।

अनलाइन उजुरी दर्ता फारमको अनलाइन लिङ्क यस प्रकार रहेको छ।

https://forms.gle/6ibZahBP6vZnnWRt8
वा
https://shorturl.at/diwxT

२०८०/०१/१८
चिरञ्जिवि गिरी
स. प्र. जि. अ.

श्री प्र.प्र.अ.ज्यू-
१ देखि ५ वडा कार्यालयहरु ।
सर्वसाधारणको लागि जानकारी / सूचना प्रकाशित गराईदिनुहुन ।
०८०/०१/१८

श्री प्रशासन शाखा

सुनकोशी नगरपालिका
दर्ता नं. : ४३६२
मिति : २०८०/०१/१८

प्रचार प्रसारको लागि

# अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९

सम्पर्क कार्यालय गृह मन्त्रालय परिशर
सिंहदरबार काठमाडौं ।
मिति २०८०।१।१४

## प्रेस विज्ञप्ती १

नेपाल सरकारको मिति २०७९ चैत २० को निर्णयानुसार तीन सदस्यीय जाँचबुझ आयोग गठन भइ प्रारम्भिक काम भइ रहेको छ । यही बैशाख १७ गते देखि धनुषाको जनकपुरमा कार्यालय स्थापना भइ कार्य सन्चालन हुँदैछ ।

यस आयोगबाट अनुचित लेनदेन (मिटर ब्याज) बाट पीडितहरुको निवेदन आव्हान गरिएको छ । पीडितहरुले आफ्नो भएसम्मका सवुद प्रमाण सहित भएको व्यहोरा खुलाइ अनलाइनबाट सीधै यस आयोगमा वा निवेदकको जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन अनुरोध छ । प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको छ । सोही कक्षमा निवेदन फाराम निशुल्क उपलब्ध हुनेछ । निवेदन फाराम जिल्ला प्रशासन कार्यालयकै कर्मचारीले भराइ दिने प्रवन्ध गरिएको छ ।

निवेदन यही बैशाख १७ गते देखि ३१ गते १५ पन्ध्र दिन भित्र दिनु हुन सवै पीडितहरुमा अनुरोध छ ।

निवेदकबाट भराउने फारामको अनलाइनको लिंक यस प्रकार छ
https://forms.gle/6ibZahBP6vZnnWRt8

गौरीबहादुर कार्की
अध्यक्ष